लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, बर्दिया
फोन कार्यालय : ०८४-४२०१५६
ईमेल ठेगाना: dfobardiya@gmail.com

प.सं. २०८२।०८३ (वन व्यवस्थापन शाखा)
च.नं. २२५९

मितिः २०८२।०९।२९

विषयः सूचना अपलोड गरी सो को जानकारी उपलब्ध गराईदिने सम्बन्धमा ।

श्री वन तथा वातावरण मन्त्रालय,
राप्ती उपत्यका (देउखुरी), नेपाल ।

श्री वन निर्देशनालय,
बुटवल, रुपन्देही ।

प्रस्तुत विषयमा राधाकृष्ण रामजानकी महिला सामुदायिक वन उपभोक्ता समूह, गुलरिया न.पा.-४, बर्दियाको प.सं. २०८२।०८३, च.नं. ७, मिति २०८२।०९।२९ को पत्रसाथ प्राप्त पहिलो पटक काठ, दाउरा प्रति एकई दररेटमा बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना पाना २ मिति २०८२।०९।२९ गते यस कार्यालयमा प्राप्त भएकोले सो समूहको माग अनुसार ताहाँको वेबसाईटमा अपलोड गरी सो को जानकारी उपलब्ध गराईदिनुहुन अनुरोध छ ।

२०८२/०९/२९

राम गोपाल चौधरी
निमित्त डिभिजनल वन अधकृत
नि. डिभिजनल वन अधिकृत

बोधार्थः-

श्री राधाकृष्ण रामजानकी महिला सामुदायिक वन उपभोक्ता समूह
गुलरिया न.पा.-४, बर्दियाः त्यस समूहबाट प्राप्त सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गर्नुको साथै वेबसाईटमा समेत राखिएको व्यहोरा जानकारी गराईन्छ ।

# राधाकृष्ण राम जानकी महिला सामुदायिक वन उपभोक्ता समूह

गुलरिया-४, बगही, बर्दिया

पत्र संख्या नं. :
चलानी नं. : 6

मिति : २०८२।०९।२५

विषय : गोलिया काठ/दाउरा वन पैदावार सूचनाहरुको जानकारी तथा online गर्ने सम्बन्धमा।

श्री डिभिजन वन कार्यालय बर्दिया
गुलरिया

उपर्युक्त विषयमा यस समूहबाट मिति २०८२।०९।२५ गते मध्याह्न राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक प्रकाशित काठ/दाउरा प्रति ६ कार्टुनको आधारमा वन पैदावार बोलपत्र द्वारा लिलाम बिक्री सूचना प्रकाशित भएकोले उक्त सूचनाको विस्तृत विवरण सहितको सूचना आ.व. २०८२/२०८३ मा संकलन काठ/दाउरा को विस्तृत सूचना पाना २ लुम्बिनी प्रदेश वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय र डिभिजन वन कार्यालय बर्दिया गुलरिया मा online गरिदिनुहुन सादर अनुरोध छ।

श्री वन व्यवस्थापन शाखा
२०८२।०९।२५

सपना सपना चौधरी
(अध्यक्ष)

डिभिजन वन कार्यालय, बर्दिया
दर्ता नं.:- 3826
मिति:- २०८२/९/२९

अनुसुची १६

(दफा ३३ को उपदफा (२) संग सम्बन्धित)

# श्री राधाकृष्ण रामजानकी सामुदायिक वन उपभोक्ता समूह

**गुलरिया** न.पा. ०४, बगही, बर्दिया

अध्यक्ष
सपना

प.स.

च.नं.

मिति: २०८२/०९/२९

**विषयः काठ र दाउरा प्रति ईकाई दररेटको आधारमा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना ।**

लट नं. १ (२०८२/०८३)

पहिलो पटक सुचना प्रकाशन मिति २०८२।०९।२९

श्री राधाकृष्ण रामजानकी सामुदायिक वन उपभोक्ता समूहको सामुदायिक वनबाट आ.व.२०८२/०८३ मा कटान हुने रुखहरुबाट उत्पादन हुने तपसिलमा उल्लेखित जात र परिमाणको काठ/दाउरा प्रति ईकाई दररेटमा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, सघंसस्था, फर्म वा कम्पनीले यो सुचना **मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२/०९/२९ गते प्रकाशन भएको मितिले २१ दिन भित्र यस समूहको कार्यालय र डिभिजन वन कार्यालय बर्दियाबाट बोलपत्र खरिद** गरी २२ औं दिन दिनको १२:०० बजे भित्रको समयमा यस राधाकृष्ण रामजानकी सामुदायिक वन उपभोक्ता समुहको कार्यालय गुलरिया न.पा. वडा नं. ०४ बर्दिया र डिभिजन वन कार्यालय बर्दियामा सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

तपसिल

**१.वन पैदावारको बिवरण:-**

| लट नं. | वन पंदावारको जात | रुख संख्या | ग्रेड | अनुमानित परिमाण | | प्रति इकाई न्यूनतम मुल्य रु. | | मूल्यांकन रु. | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | काठ घ.फि. | दाउरा चट्टा | काठ घ.फि. | दाउरा चट्टा | काठ मूल्य रु. | दाउरा मूल्य रु. | |
| १ | अन्य | १५ | N | २४१.६५ | ० | १०० | ० | २४१६५ | ० | काठ दाउरा संकलन खर्च साकार कर्ताले व्यहोर्नु पर्नेछ |
| | गुटेल | २९ | N | ५०२.६८ | ० | १०० | ० | ५०२६८ | ० | |
| | डुम्री | १ | N | ९.२० | ० | १०० | ० | ९२० | ० | |
| | सिमल | ११ | N | ९९७.५१ | ० | १५० | ० | १४९६२६.५ | ० | |
| | जम्मा | ५६ | | १७५१.०४ | ० | | ० | २२४९७९.५ | ० | |

२.बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति:२०८२।१०।२० (ख) समय दिउँसो १२:०० बजेसम्म ।

३.बोलपत्रसाथ कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समुहको राष्ट्रिय बाणिज्य बैक, गुलरिया शाखा कार्यालय, बर्दियामा रहेको हिसाब नं. ४१४०१००१०००७२००१ खातामा नगद जम्मा गरेको सक्कल भौचर/-----------------बैंकमा कम्तिमा ६ महिना अवधिको बैंक जमानत समावेश हुनुपर्नेछ ।

४.बोलपत्र फारमको रु. १०००/– पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय बर्दियाबाट खरिद गरि खरिद गरेको निकायमा दाखिला गर्नु पर्नेछ ।

५.लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय दिनको ४:०० बजे भित्र राधाकृष्ण रामजानकी सामुदायिक वन उपभोक्ता समुहको सामुदायिक वन क्षेत्रमा गई हेर्न सकिनेछ।

**६.लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मको प्रोपराईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, फर्म वा कम्पनि दर्ता प्रमाण पत्रको प्रतिलीपि ,कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र मुल्य अभिबृद्धी कर दर्ता प्रमाण पत्रको प्रतिलीपि वा स्थाई लेखा**

अनुसुची १६

(दफा ३३ को उपदफा (२) संग सम्बन्धित)

# श्री राधाकृष्ण रामजानकी सामुदायिक वन उपभोक्ता समूह

गुलरिया न.पा. ०४, बगही, बर्दिया

नम्वर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलीपि र संघीय वन नियमावली २०७९ को नियम १२८ बमोजिम सम्बन्धित डिभिजन वन कार्यालयमा सुची दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

७.निर्धारित न्युनतम संख्याका र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२।१०।२० गते दिनको २:०० बजे साक्षीहरुको रोहवरमा खोलिने छ ।

८.उत्पादित गोलिया काठ र दाउरा नाप पईमास भई घाटगद्दी भएको जानकारी पश्चात् १० (दश) दिन भित्र साकार गरेको प्रति ईकाई दररेटले हुन आउने रकम तथा निर्धारित मुल्य अभिबृद्धी कर, अग्रिम आय कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाईलैजानु पर्नेछ ।

९.बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेख्नुपर्नेछ ।अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ ।

१०.प्रस्तुत बोलपत्रको सम्वन्धमा कुनै बिवाद उत्पन्न भएमा त्यसको अन्तिम निर्णय दिने अधिकार सम्बन्धित निकायको हुनेछ ।

११. रितपुर्वक नभएको वा शर्त राखिएको र म्याद नाघि प्राप्त भएको बोलपत्र मान्य हुने छैन ।

१२. प्रस्तुत बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१३. अन्य कुराहरु प्रचलीत कानुन अनुसार हुनेछ ।